09.10.2025

National Nepali News

प्रमुख समाचार

- प्रधानमन्त्रीले भन्नुभयो, देशको डिजिटल व्यवस्थाले नवाचार र समावेशनमा वैश्विक मानक स्थापित गरिरहेछ
- गृह मन्त्रीले जम्मू-कश्मीरको सुरक्षा स्थितिको समीक्षाका लागि उच्च स्तरीय बैठकको गर्नुभयो अध्यक्षता
- चुनाउ आयोगअनुसार बिहार चुनाउमा प्रत्येक विधानसभा क्षेत्रमा एउटा मतदान केन्द्र महिलाहरू वा दिव्याङ्गजन सञ्चालित हुनेछन्
- बिहार चुनाउको माहौंल तेज; जन सुराज पार्टीद्वारा एक्काउन उम्मेदवारको सूची जारी
- रेल मन्त्रीले विकसित भारतको निर्माणमा दिनुभयो जोड़

PM Great Britain

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, देशको डिजिटल व्यवस्थाले नवाचार र समावेशनका लागि वैश्विक मानक स्थापित गरिरहेछ। मुम्बईमा आज ग्लोबल फिनटेक फेस्ट 2025-लाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, प्रौद्योगिकीको लोकतन्त्रीकरणका कारण भारत प्राविधिक रूपमा सबैभन्दा अधिक समावेशी समाजहरूमध्ये एक हो। उहाँले भन्नुभयो, देशमा प्रत्येक महिना UPI-को माध्यमबाट पच्चीस लाख करोड़ रूपियाँको बीस अरब लेनदेन भइरहेछ।

यसअघि, प्रधानमन्त्री श्री मोदी र उहाँका ब्रिटिश समकक्षी कीर स्टारमरले प्रौद्योगिकी, रक्षा, कृत्रिम बुद्धिमत्ता, सतत विकास, नवीकरणीय ऊर्जा र अन्य विषयमाथि व्यापक चर्चा गर्नुभयो। दुवै नेताबीच मुम्बईमा प्रतिनिधिमण्डल स्तरको वार्ता भयो।

प्रधानमन्त्रीले भन्नुभयो, यसबाट युवाहरूका लागि रोजगारका नयाँ अवसर सीर्जना हुनका साथै दुवै देशबीच व्यापारको विस्तार हुनेछ। उहाँले भन्नुभयो, भारतमा व्यापार प्रतिनिधिमण्डलको उपस्थितिले यस यात्रालाई अझ खास बनाएको छ अनि भारत-ब्रिटेन सम्बन्धको दक्ष सम्भावनालाई दर्शाएको छ।

ब्रिटेनका प्रधानमन्त्री श्री स्टारमरले भन्नुभयो, भारत र ब्रिटेनले भविष्यमा केन्द्रित एक आधुनिक साझेदारीको निर्माण गरिरहेछन्। भारत-ब्रिटेन व्यापक आर्थिक एवं व्यापार

समझौतालाई एउटा महत्त्वपूर्ण क्षण बताउँदै श्री स्टारमरले भन्नुभयो, टेरिफमा कटौती र एकार्काका बजारहरूसम्म पहुँच बढाउनाले विकासमा गति मिल्नेछ अनि रोजगारको अवसर सीर्जना हुनेछ।

प्रधानमन्त्री श्री मोदीले आफ्ना ब्रिटिश समकक्षसित CEO फोरमलाई सम्बोधन गर्दै भन्नुभयो, यो वर्ष धेरै राम्रो रह्यो, जसले वैश्विक अनिश्चितताबीच भारत-ब्रिटेन सम्बन्धको स्थिरतालाई अझ दह्रिलो बनाएको छ।

---------------------------------------X---------------------------------------

## HM Kashmir

गृह मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा जम्मू-कश्मीरको सुरक्षा स्थितिको समीक्षाका लागि एउटा उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो। श्री शाहले आतंकवाद मुक्त जम्मू-कश्मीरको लक्ष्य प्राप्त गर्नमा रहेको सरकारको अटूट प्रतिबद्धता दोहो़र्‍याउनुभयो। उहाँले भन्नुभयो, सुरक्षा निकायहरूको दृढ प्रयासबाट जम्मू-कश्मीरमा राष्ट्रका सत्रुहरूद्वारा पोषित आतंकवादी सञ्जाल लगभग अशक्त भएको छ। गृह मन्त्रीले यो पनि आश्वासन दिनुभयो कि यो प्रयास जारी राख्न सबै आवश्यक संसाधन निरन्तर रूपमा उपलब्ध गराइनेछ। उहाँले भन्नुभयो, क्षेत्रमा शान्ति र सुरक्षालाई खतरा पु़र्‍याउने कुनै पनि प्रयासलाई दबाउन सुरक्षा बललाई पूर्ण स्वतन्त्रता रहनेछ।
गृह मन्त्रीले पहलगाम आतंकवादी आक्रमणपछि केन्द्र शासित प्रदेश प्रशासन र सुरक्षा निकायहरूद्वारा चालिएको पहलको सराहना गर्नुभयो। उहाँले क्षेत्रबाट आतंकवाद मेटाउन समन्वित र सतर्क तरिकाले काम गर्नमा रहेको सबै सुरक्षा निकायहरूको महत्त्वपूर्ण भूमिकामाथि जोड़ दिनुभयो।

---------------------------------------X---------------------------------------

## EC Bihar

चुनाउ आयोगले निर्देश दिँदै भनेको छ, बिहार विधानसभा चुनाउ अवधि प्रत्येक विधानसभा क्षेत्रमा कम्तिमा एउटा मतदान केन्द्र विशेष रूपमा महिलाहरू वा दिव्याङ्गजनद्वारा सञ्चालित हुनेछन्। ती मतदान केन्द्रहरूमा सुरक्षासहित सबै चुनाउ कर्मचारी महिलाहरू हुनेछन्। यस अतिरिक्त प्रत्येक जिल्लामा कम्तिमा एउटा मतदान केन्द्रमा नयाँ ऊर्जा र जवाफदेही ल्याउन सबैभन्दा युवा पात्र कर्मचारीहरूलाई तैनात गरिनेछ। यी उपायहरूको उद्देश्य लोकतन्त्रको मूल संरचनामा सहभागिता, प्रतिनिधित्व र सशक्तिकरणको संकेत दिनु हो।
यसैक्रममा, बिहार विधानसभा चुनाउ अवधि सुचारू सञ्चालन सुनिश्चित गर्न लगभग आठ लाख पचास हजार अधिकारीहरूलाई तैनात गरिएको छ। चुनाउ आयोगले भनेको छ, यी कर्मीहरूमा लगभग चार लाख तीर्पन हजार मतदान कर्मी, दुई लाख पचास हजार पुलिस

अधिकारी, अट्ठाइस हजारभन्दा अधिक मतगणना कर्मी र अठार हजार सुक्ष्म पर्यवेक्षक शामेल छन्।

---------------------------------------X---------------------------------------

## Bihar- Politics

अर्कातिर, बिहारमा आगामी विधानसभा चुनाउको माहौंल गर्मिनासाथै जन सुराज पार्टीले आज एक्काउनजना उम्मेदवारको सूची जारी गऱ्यो। यसैबीच, NDA-मा सीट बाँड़फाँड़को बारेमा बिहार भाजपा अध्यक्ष दिलीप जायसवालले भन्नुभयो, गठबन्धन एकजुटताका साथ अघि बढ़िरहेछ।

पटनामा एउटा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै, राजद नेता तेजस्वी यादवले भन्नुभयो, यसपल्ट बिहारका जनता परिवर्तन चाहन्छन्। उहाँले भन्नुभयो, सामाजिक न्यायसितै महागठबन्धन बिहारका जनताका लागि आर्थिक न्याय पनि चाहन्छ।

---------------------------------------X---------------------------------------

## Vibrant Gujarat Regional Conference

रेल मन्त्री अश्विनी वैष्णवले वैश्विक चुनौतीबीच विकसित भारतको निर्माणमा जोड़ दिनुभएको छ। गुजरातको मेह्साणामा आज पहिलो भाइब्रेन्ट गुजरात क्षेत्रीय सम्मेलनमा रेल मन्त्रीले गुजरातको उल्लेखनीय औद्योगिक प्रगतिमाथि प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, विगत एघार वर्षमा, राज्यले सेमीकण्डक्टर र इलेक्ट्रोनिक्स क्षेत्रमा अभूतपूर्व वृद्धि गरेको छ। उहाँले भन्नुभयो, गुजरातले आफ्नो रेलवे नेटवर्कको पनि व्यापक विस्तार गरेको छ। श्री वैष्णिवले भन्नुभयो, यस अवधि गुजरातमा दुई हजार सात सय चौंसट किलोमीटर नयाँ रेल लाइनको निर्माण गरिएको छ।     उहाँले देशको पहिलो बुलेट ट्रेन अगस्त 2027-सम्ममा चालू हुने सम्भावना रहेको पनि बताउनुभयो।

---------------------------------------X---------------------------------------

## Rijiju-PhD Chamber

संसदीय कार्य मन्त्री किरेन रिजिजूले भन्नुभयो, प्रतिस्पर्धी संघवाद देशलाई एउटा विकसित राष्ट्र बनाउने सबैभन्दा उपयुक्त तरिका हो। नयाँ दिल्लीमा PhD च्याम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीको एक सय बीसौं वार्षिक अधिवेशनमा उपस्थित मानिसहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीले सुशासनको माध्यमबाट राज्यहरूलाई सशक्त बनाउनुभएको छ। श्री रिजिजूले भन्नुभयो, धेरै केन्द्र वित्तपोषित योजनाहरूलाई अब स्थानीय स्तरमा कार्यान्वयनका लागि राज्य सरकारहरूलाई

हस्थानान्तरित गरिएको छ। उहाँले भन्नुभयो, स्थानीय स्तरमा विकास राष्ट्रिय विकासको चाबी हो।

----------------------------------------X----------------------------------------

## Scindia Pemmasani-IMC

संचार मन्त्री ज्योतिरादित्य सिन्धियाले भन्नुभएको छ, देशको विकास उदीयमान स्टार्टअप्सबाट प्रेरित छ। उहाँले भन्नुभयो, पन्द्र वर्ष पहिला देशमा धेरै कम स्टार्टअप्स थिए, तर आज देशमा एक लाख अस्सी हजारभन्दा अधिक स्टार्टअप्स छन्। श्री सिधिन्याले भन्नुभयो, देशमा तीरतर हजार महिलाहरूको नेतृत्व भएका स्टार्टअप्स काम गरिरहेछन्। सञ्चार मन्त्रीले भन्नुभयो, आज देशमा एक अरब बीस करोड मोबाइल ग्राहक छन् अनि भारतमा विश्वको बीस प्रतिशत मोबाइल जनसंख्या रहेको छ। श्री सिधिन्याले आज नयाँ दिल्लीमा इण्डिया मोबाइल कंग्रेसको दोस्रो दिन राष्ट्र निर्माता शिखर सम्मेलनमा यो कुरा भन्नुभयो। श्री सिधिन्याले भन्नुभयो, देशका प्रत्येक नागरिकले वर्ष 2047-सम्ममा भारतलाई एउटा विकसित राष्ट्र बनाउनमा योगदान दिनुपर्छ।

----------------------------------------X----------------------------------------

## Nobel Prize Literature

हंगरीका उपन्यासकार तथा पटकथा लेखक लास्ज्लो क्रास्नाहोर्काई-लाई 2025-को साहित्यमा नोबेल पुरस्कार प्राप्त भएको छ। स्वीडेनको राजधानी स्टकहोममा स्वीडिश अकादेमीको नोबेल समितिले आज यो घोषणा गर्‍यो। उहाँलाई सम्मोहक र दूरदर्शी कार्यका लागि सम्मानित गरियो, जसले विनाशकारी आतंकबीच कलाको शक्तिको पुष्टि गर्दछन्। उहाँलाई पुरस्कार राशिको रूपमा एक दशमलौ दुई मिलियन अमेरीकी डलर दिइनेछ। चिकित्सा, भौतिकी र रसायन विज्ञानको 2025 नोबेल पुरस्कारपछि साहित्यको यो पुरस्कार यस सप्ताह घोषित भएको चौथो पुरस्कार हो।

----------------------------------------X----------------------------------------

## Clothing – Scheme

वस्त्र मन्त्रालयले MMF परिधान फेब्रिक्स र प्राविधिक वस्त्र उत्पादका लागि उत्पादन आधारित प्रोत्साहन योजनामा संशोधनलाई अधिसूचित गरेको छ। मन्त्रालयले भनेको छ, यो संशोधन उद्योगको चुनौतीको समाधान गर्न, व्यापार सुगमता बढ़ाउन र यस क्षेत्रमा नयाँ निवेशलाई प्रोत्साहित गर्न गरिएको हो। संशोधनले रोजगारलाई प्राथमिकता दिन र वैश्विक वस्त्र बजारमा देशको नेतृत्वलाई बढ़ावा दिनमा रहेको सरकारको प्रतिबद्धतालाई प्रकाश पार्दछ।

Pakistan TTP Terrorist

पाकिस्तानमा, प्रतिबन्धित आतंकवादी समूह तहरीक-ए-तालिबान पाकिस्तानसित जोड़िएका कमतिमा सातजना आतंकवादी खैबर पख्तूनख्वा प्रान्तमा मारिए। हिजो भएको यस अभियानमा पाकिस्तानी सेनाका एकजना मेजर पनि शहीद भए।

---------------------------------------X---------------------------------------